कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित

**कालिन्चोक दर्शन लिमिटेड**

# Kalinchowk Darshan Limited

पशुपति भिजन पिंगलास्थान, गौशाला, काठमाण्डौं, नेपाल ।
फोन नं :०१-४११३७१०,
E-mail: darshankalinchowk@gmail.com |URL: www.kalinchowkdarshan.com.np

को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

## विवरणपत्र

कम्पनीले यस विवरणपत्र मार्फत आफ्नो जारी पूँजी रु. ६०,००,००,०००/-(अक्षरेपी साठ्ठी करोड रुपैया मात्र) मध्ये २% अर्थात रु.१,२०,००,०००।-(अक्षरेपी एक करोड बिस लाख रुपैया मात्र) रकम बराबरको रु. १००।- अंकित दरको १,२०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र दोलखा जिल्लामा स्थायी बसोबास गर्ने नेपाली नागरिकहरुको लागि निष्कासन गरी बाँडफाँड गरिएको र बाँकी रहेको १८% अर्थात रु. १०,८०,००,०००।-(अक्षरेपी दस करोड असि लाख रुपैया मात्र)रकम बराबरको रु.१००।- अंकित दरका १०,८०,००० कित्ता शेयरमध्ये १,०८,००० कित्ता वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई (१० प्रतिशत) र ५४,००० कित्ता (५ प्रतिशत) सामुहिक लगानी कोष हरुको लागि बाँडफाँड गरिएको र २१,६०० कित्ता कम्पनीमा कार्यरत कर्मचारीहरुलाई (२ प्रतिशत) छुट्याई बाँकी ८,९६,४०० कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ (चौथो संशोधन सहित) र धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैंठौं संशोधन २०७९) को अधिनमा रही सर्वसाधारणमा सार्वजनिक निष्कासन गरिनेछ ।

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :**

| विवरण | वास्तविक | | | अपरिष्कृत असार मसान्त | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | ७६.१९ | ८०.६८ | ७८.१५ | ८९.३४ | ९६ | १०५.२ | ११३.८३ |
| प्रति शेयर आम्दानी | (१०) | (७.०५) | (२.५३) | २.७७ | ४.५३ | ९.२० | १८.६३ |
| संचित नाफा/(नोक्सानी) (रु. हजारमा) | (३६,१९८.३५) | (५६,९८८.५९) | (६४,४५८.६५) | (५१,१६६.४६) | (२३,९७३.५३) | ३१,२१०.४८ | ८२,९६७.८७ |

**दरखास्तसाथ प्रति साधारण शेयर रु. १००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्कासन मुल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग.८.** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्कासनका लागि तयार गरिएको हो । यस विवरण-पत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्कासनकर्ता वा आयोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**यस विवरण-पत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई र कम्पनीमा कार्यरत कर्मचारीहरुलाई बिक्री वितरण गरिने शेयरहरु सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँट भएको मितिले तीन बर्ष पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हक हस्तान्तरण गर्न पाइने छैन ।**

**इस्युर रेटिङ्ग सम्बन्धी विवरण :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (चौथौ संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि.,कमलादी, काठमाण्डौंबाट इस्यूर रेटिङ्ग गराई मार्च २२, २०२२ (मिति २०७८/१२/०८) गते "CARE-NP BB+ (Is) [pronounced Double B plus (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ। "CARE-NP BB+ (Is) [pronounced Double B plus (Issuer)]" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा मध्यमस्तरको जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ । सो ग्रेडिङ्ग को वैद्यता अवधि एक बर्ष रहने छ। केयर रेटिङ्ग नेपाल लि. ले CARE-NP AAA (Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँदछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ग.२२ (ट) मा उल्लेख गरिएको छ।

इस्युर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०७८।१२।०८ (तदनुसार मार्च २२, २०२२) बहाल रहने अवधि २०७९।१२।०४ (तदनुसार मार्च १८,२०२३)

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०७९/०७/२४ कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०७९/०७/३०

**धितोपत्र निष्काशन खुल्ला हुने मिति :**

निष्कासन खुल्ला हुने मिति : २०७९/१०/०३ निष्कासन बन्द हुने मिति (छिटोमा) : २०७९/१०/०६

निष्कासन बन्द हुने मिति (ढिलोमा) : २०७९/१०/१७

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः**

NABIL® INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)

**नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड**

नक्साल, काठमाडौं, नेपाल ; फोन नं.– ४४११६०४ फ्याक्स नं.– ९७७ -१-४४१०५५४
**Email : info@nabilinvest.com.np URL: www.nabilinvest.com.np**

यस "विवरण-पत्र" धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको website: www.nabilinvest.com.np, कालिन्चोक दर्शन लिमिटेडको website: www.kalinchowkdarshan.com.np र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।

**ख.१ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषाः**

क) “विवरणपत्र” भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्छ ।

ख) “धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक” भन्नाले नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौंलाई सम्झनु पर्छ ।

ग) “धितोपत्र” भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्वन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनुपर्छ र सो शब्दले धितोपत्रबजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्ने सक्ने अधिकारपत्र समेतलाई जनाउंछ ।

घ) “संगठित संस्था/कम्पनी” भन्नाले निष्कासनकर्ता कम्पनी कालिन्चोक दर्शन लिमिटेड, पशुपति भिजन पिंगलास्थान, गौशाला, काठमाण्डौलाई सम्झनु पर्छ ।

ङ) “संकलन केन्द्र” भन्नाले सार्वजनिक निष्कासन (आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु) को लागि तयार गरिएको विवरण-पत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संकलन केन्द्रहरुलाई सम्झनु पर्छ ।

च) “निष्कासन बैंक” भन्नाले निष्कासन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्कासनको क्रममा रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्छ ।

छ) “नियमन निकाय” भन्नाले नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्छ ।

ज) “संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन” भन्नाले कालिन्चोक दर्शन लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापनलाई सम्झनु पर्छ ।

झ) “बोर्ड” भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्छ ।

ञ) “स्थानियवासी”भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात दोलखा जिल्लामा स्थायी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउँछ ।

ण) “कम्पनीका कर्मचारीहरु” भन्नाले कालिन्चोक दर्शन लिमिटेडका पदाधिकारीहरु लगायतका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

**ख.२.विवरण-पत्र तथा दरखास्त फारम प्राप्त गर्ने र दरखास्त साथ रकम बुझाउने स्थान :**

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | नविल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं र वेवसाइटः www.nabilinvest.com.np |

साथै, निष्काशनकर्ता कम्पनीको वेभसाइट www.kalinchowkdarshan.com.np एवं नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्कासनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

**सर्वसाधारणको लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु**

नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पुर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर “मेरो शेयर“ अनलाइन प्रयोग गरी सि-आस्वा प्रणली मार्फत आवेदन दिन सकिनेछ ।

**ग.१.धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्कासनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यबस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा ऐन तथा नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धता पत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**ग.२.क.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरण-पत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्कासन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्कासन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरण-पत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरण-पत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्कासनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख.संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस कालिन्चोक दर्शन लिमिटेडले प्रकाशित गरेको विवरण-पत्र,सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग.नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड आदि) को सार्वजनिक निष्कासन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्कासन प्रयोजनको लागि तयार गरिएको विवरण-पत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै कम्पनीले कम्पनी रजिष्ट्रार कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व. ०७७/०७८ सम्मको विवरणहरु पेश गरेको हुनाले उक्त आ.व. सम्म कम्पनी अध्यावधिक रहेको जानकारी गराउँदछौं ।

**ग.२.घ.संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस कम्पनीको संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।
३. सार्वजनिक निष्कासन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
५.यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा प्रमुख कार्यकारी अयोग्य रहेका छैनन् ।

## ग.३ संगठित संस्था सम्बन्धी जानकारी :

### ग.३.क. संगठित संस्थाको पृष्ठभूमि

**(क) संगठित संस्थाको नाम :** कालिञ्चोक दर्शन लिमिटेड (Kalinchowk Darshan Limited)

**(ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.९, पशुपति भिजन पिंगलास्थान गौशाला, काठमाण्डौंमा रहेको छ । सम्बन्धित निकायको स्वीकृति लिई कम्पनीले आवस्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र स्वदेश तथा विदेशमा समेत शाखा, उपशाखा वा अन्य कार्यालयहरु खोलि कारोबार गर्न सक्नेछ ।

**(घ) कारोबार गर्ने मुख्य स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कालिञ्चोक गाँउपालिका, वडा नं. १ कुरी दोलखा रहेको छ ।

**(ङ) संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

कम्पनीको स्थापनाकाल देखि हालसम्मको /संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

(१) कालिञ्चोक दर्शन लिमिटेड प्रचलित कानुन बमोजिम मिति २०६३/०४/१७ गते कालिञ्चोक हाइड्रोपावर प्रा.लि.को नामवाट दर्ता भएकोमा मिति २०६९/१०/२६ गते कालिञ्चोक दर्शन प्रा.लि.को नाम मा दर्ता भएको र मिति २०७१/१०/०६ गतेदेखि प्राइभेट कम्पनीबाट पब्लिक कम्पनीको रुपमा परिणत भई मिति २०७१/१०/०८ गतेदेखि कालिञ्चोक दर्शन लिमिटेडको नाममा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको छ ।

(२) कम्पनी मार्फत केबुलकार, होटल तथा रिसोर्ट र एम्यूजमेन्ट पार्क लगायतका परियोजना सञ्चालन गर्ने गरी मिति २०७२/०८/२५ गते नेपाल सरकार, उद्योग विभागबाट स्वीकति प्राप्त भएको हो ।

(३) कुरी खर्क क्षेत्रको २.४३ हेक्टर वन मिति २०७३/०६/११ गते गुठी संस्थान संगको सम्झौता बमोजिम २५ वर्षको लागि लिजमा लिइएको छ जुन कालिञ्चोक दर्शन लिमिटेडको अनुरोधमा अर्को कार्यकालको लागि नविकरण गर्न सकिन्छ ।

(४) केबुलकार परियोजना सञ्चालनका लागि आवश्यक पर्ने सम्पूर्ण भौतिक संरचनाहरु निर्माण भईसकेको छन् ।

(५) मिति २०७५ कार्तिक १७ गतेदेखि व्यवसायिक रुपमा केबुलकार सञ्चालनमा ल्याईसकेको छ ।

(६) यस परियोजना सञ्चालन स्थलमा आन्तरिक तथा बाह्य पर्यटकहरुको उल्लेख्य मात्रामा भ्रमण हुने गरेको छ ।

(७) औषत दैनिक एक हजार देखि पन्ध्र सयको हाराहारीमा आन्तरिक तथा बाह्य पर्यटकहरु यस पर्यटकीय क्षेत्रमा भ्रमण गर्न तथा घुम्न आउने गरेका छन ।

(८) परियोजनासँग सम्वन्धित विवरण तथा अनुपातहरु :

| | |
|---|---|
| परियोजनाको साधारण लगानी फिर्ता हुने अवधि | ७.१९ वर्ष |
| परियोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि | १० वर्ष |
| Internal Rate of Return (IRR) | १६% |

| आ.व. | वर्ष | डिस्काउन्ट को आधार @ ११% | नगद बहिर्गमन | नगद प्रवाह | खुद नगद प्रवाह | संचयी नगद प्रवाह | डिस्काउन्टेड नगद प्रवाह | संचयी डिस्काउन्टेड नगद प्रवाह |
|---|---|---|---|---|---|---|---|---|
| २०७२-७३ | ० | १ | (३,७४२,२८२) | | (३,७४२,२८२) | (३,७४२,२८२) | (३,७४२,२८२) | (३,७४२,२८२) |
| २०७३-७४ | ० | १ | (१०८,४११,५८४) | | (१०८,४११,५८४) | (११२,१५३,८६७) | (१०८,४११,५८४) | (११२,१५३,८६७) |
| २०७४-७५ | ० | १ | (२०४,२८८,४९९) | | (२०४,२८८,४९९) | (३१६,४४२,३६५) | (२०४,२८८,४९९) | (३१६,४४२,३६५) |
| २०७५-७६ | ० | १ | (१०९,७१३,३६७) | | (१०९,७१३,३६७) | (४२६,१५५,७३२) | (१०९,७१३,३६७) | (४२६,१५५,७३२) |
| २०७६-७७ | ० | १ | (२०,५८०,१६९) | | (२०,५८०,१६९) | (४४६,७३५,९०२) | (२०,५८०,१६९) | (४४६,७३५,९०२) |
| २०७७-७८ | ० | १ | (४,४४४,०९७) | | (४,४४४,०९७) | (४५१,१७९,९९९) | (४,४४४,०९७) | (४५१,१७९,९९९) |
| २०७८-७९ | १ | ०.९००९ | (५,६३२,०४६) | २८,०४५,०६८ | २२,४१३,०२३ | (४२८,७६६,९७६) | २०,१९१,९१२ | (४३०,९८८,०८६) |
| २०७९-८० | २ | ०.८११६ | (१५०,४००,०००) | ४२,२७९,३४० | (१०८,१२०,६६०) | (५३६,८८७,६३५) | (८७,७५३,१५३) | (५१८,७४१,२३९) |
| २०८०-८१ | ३ | ०.७३१२ | (८९,६५४,२८८) | ७१,५९०,८०४ | (१८,०६३,४८३) | (५५४,९५१,११९) | (१३,२०७,८६३) | (५३१,९४९,१०२) |
| २०८१-८२ | ४ | ०.६५८७ | (९९,२३७,१३७) | १३४,४९५,०६३ | ३५,२५७,९२६ | (५१९,६९३,१९३) | २३,२२५,४८८ | (५०८,७२३,६१४) |
| २०८२-८३ | ५ | ०.५९३५ | (५,०००,०००) | १४७,०८२,६७१ | १४२,०८२,६७१ | (३७७,६१०,५२१) | ८४,३१९,१५० | (४२४,४०४,४६४) |
| २०८३-८४ | ६ | ०.५३४६ | | १६१,७९०,९३९ | १६१,७९०,९३९ | (२१५,८१९,५८३) | ८६,५००,०४३ | (३३७,९०४,४२२) |
| २०८४-८५ | ७ | ०.४८१७ | | १७७,९७०,०३२ | १७७,९७०,०३२ | (३७,८४९,५५०) | ८५,७२०,७६३ | (२५२,१८३,६५९) |
| २०८५-८६ | ८ | ०.४३३९ | | १९५,७६७,०३६ | १९५,७६७,०३६ | १५७,९१७,४८५ | ८४,९४८,५०४ | (१६७,२३५,१५५) |
| २०८६-८७ | ९ | ०.३९०९ | | २१५,३४३,७३९ | २१५,३४३,७३९ | ३७३,२६१,२२५ | ८४,१८३,२०२ | (८३,०५१,९५३) |
| २०८७-८८ | १० | ०.३५२२ | | २३६,८७८,११३ | २३६,८७८,११३ | ६१०,१३९,३३८ | ८३,४२४,७९५ | ३७२,८४२ |
| २०८८-८९ | ११ | ०.३१७३ | | २६०,५६५,९२४ | २६०,५६५,९२४ | ८७०,७०५,२६२ | ८२,६७३,२२० | ८३,०४६,०६२ |
| २०८९-९० | १२ | ०.२८५८ | | २८६,६२२,५१७ | २८६,६२२,५१७ | १,१५७,३२७,७७९ | ८१,९२८,४१६ | १६४,९७४,४७९ |
| २०९०-९१ | १३ | ०.२५७५ | | ३१५,२८४,७६९ | ३१५,२८४,७६९ | १,४७२,६१२,५४८ | ८१,१९०,३२२ | २४६,१६४,८०१ |
| २०९१-९२ | १४ | ०.२३२० | | ३४६,८१३,२४५ | ३४६,८१३,२४५ | १,८१९,४२५,७९३ | ८०,४५८,८७८ | ३२६,६२३,६७९ |
| २०९२-९३ | १५ | ०.२०९० | | ३८१,४९४,५७० | ३८१,४९४,५७० | २,२००,९२०,३६३ | ७९,७३४,०२३ | ४०६,३५७,७०२ |
| २०९३-९४ | १६ | ०.१८८३ | | ४१९,६४४,०२७ | ४१९,६४४,०२७ | २,६२०,५६४,३९० | ७९,०१५,६९९ | ४८५,३७३,४०१ |
| २०९४-९५ | १७ | ०.१६९६ | | ४६१,६०८,४३० | ४६१,६०८,४३० | ३,०८२,१७२,८२० | ७८,३०३,८४६ | ५६३,६७७,२४७ |
| २०९५-९६ | १८ | ०.१५२८ | | ५०७,७६९,२७३ | ५०७,७६९,२७३ | ३,५८९,९४२,०९३ | ७७,५९८,४०६ | ६४१,२७५,६५३ |
| २०९६-९७ | १९ | ०.१३७७ | | ५५८,५४६,२०० | ५५८,५४६,२०० | ४,१४८,४८८,२९३ | ७६,८९९,३२१ | ७१८,१७४,९७४ |

**कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:**

(क) केवलकार, फन पार्क, चिल्डेन पार्क, एम्यूजमेन्ट पार्क, होटल, रिसोर्ट निर्माण गरि संचालन गर्ने गराउने साथै चेयर लिफ्ट (Chair Lift) समेत संचालन गर्ने गराउने ।

(ख) रज्जुमार्ग तथा केवलकारको लागि आवश्यक पर्ने मेशिनेरी सामान, यन्त्र, उपकरण तथा औजारहरु स्वदेशमै खरिद गर्ने वा विदेशबाट झिकाई विक्रि वितरण गर्ने गराउने ।

(ग) रज्जुमार्ग तथा केवलकार संचालक गर्नका लागि आवश्यक पर्ने प्रयोगशाला, वर्कशप, जडान गृह, तालिम आदि संचालन गर्ने गराउने ।

**परियोजनाको हालको अवस्था लगायत विभिन्न कार्यहरूको २०७९ आषाढ मसान्तसम्मको प्रगति विवरण :**

| **क.सं.** | **परियोजनाको विवरण/कार्य** | **हालको अवस्था** |
|---|---|---|
| १ | केबुलकार सञ्चालन गर्ने । | मिति २०७५ कार्तिक १७ गतेदेखि नै विधिवत रुपमा सञ्चालनमा आईसकेको । |
| २ | होटल/रिसोर्ट सञ्चालन गर्ने । | छिट्टै सञ्चालन गरी आन्तरिक तथा बाह्य पर्यटकहरुलाई सेवा गर्ने लक्ष्य राखेको छ । |
| ३ | फन पार्क, चिल्डेन पार्क,एम्यूजमेन्ट पार्क सञ्चालन गर्ने । | छिट्टै सञ्चालन गरी आन्तरिक तथा बाह्य पर्यटकहरुलाई सेवा गर्ने लक्ष्य राखेको छ । |

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको

**(छ) अन्य विवरणहरु : :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु** : यस कम्पनीले प्रदान गर्ने मुख्य सेवाहरुमा पर्यटनसँग सम्बद्ध केबुलकार व्यवसायसँग सम्बन्धित मनोरञ्जनात्मक र पर्यटकीय क्रियाकलापहरु रहेका छन् ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :** यस कम्पनीले केबुलकार परियोजना सञ्चालनका लागि युरोपियन सुईस प्रविधि प्रयोगमा ल्याइएको छ ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** यस कम्पनीको कालिञ्चोक दर्शन लिमिटेडको नाममा ट्रेडमार्क दर्ता भएको छ ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :** कम्पनीले पर्यटकीय, धार्मिक र विभिन्न मनोरञ्जनात्मक क्रियाकलापहरु सञ्चालनमा ल्याई आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आर्कषित गरि आफूलाई एक उत्कृट पर्यटकीय गन्तव्य स्थलको रुपमा विश्व सामु परिचित गराएको छ । यस कम्पनीले सञ्चालनमा ल्याएको केबुलकार परियोजना मार्फत विभिन्न पर्यटकहरुलाई केबुलकार सेवा दिनुको साथै ३,८४२ मिटरको उचाईमा अवस्थित कालिञ्चोक भगवतीको दर्शन मार्फत धार्मिक आस्था र विश्वासलाई संरक्षण गरी सेवा प्रदान गर्दै आएको छ । पर्यटकीय दष्टीकोणले असाध्यै उपयुक्त ठानिएको कालिञ्चोक र कुरी क्षेत्र असाध्यै  रमणिय र उच्च स्थान समेत भएकोले विभिन्न हिमश्रृखला तथा हिमाल, पहाडको दृशयावलोकन, हिउँको स्कि खेल, विभिन्न जरीबुटी तथा गुराँसको अध्ययन अनुसन्धान लगाएत ट्रेकिङ्गको साथै केवलकार चढेर मज्जालिने धार्मिक तथा वातावरणीय पर्यटकहरुको गन्तव्यको रुपमा विकशित कालिञ्चोक क्षेत्रमा भगवती दर्शन तथा समयानुकुल पर्वितन हुने त्यस क्षेत्रको वातावरणले जो कोहि लाई मन्त्रमुग्ध बनाएको छ । यसै कारणले वर्षेनी आउने धार्मिक एवं अन्य पर्यटकहको संख्यामा केवलकार संचालन पछि अत्याधिक बृद्धि भएको कारण नेपाल सरकार पर्यटन, सँस्कृती तथा नागरिक उड्डगन मन्त्रालयले आ.व. २०७५ सालको Best Tourist Destination Award कालिञ्चोक दर्शन लिमिटेडलाई प्रदान गरेको छ । नेपाल सरकार पर्यटन मन्त्रालय, पर्यटन विभागले मुलुकका १०० वटा प्रमुख गन्तव्य स्थानहरु मध्ये कालिञ्चोक भगवतीको मन्दिर क्षेत्रलाई पनि समावेश गरेको कारण पनि यो क्षेत्र पर्यटकहरुको रोजाईमा पर्ने गरेकोले अन्य क्रियाकलापहरु सञ्चालनमा ल्याई थप उत्कृष्ट पर्यटकीय गन्तव्य स्थलको रुपमा चिनाउने लक्ष्य राखिएको छ ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना:** यस कम्पनीले केबुलकारको क्षमता वृद्धि गर्ने तथा चियर लिफ्टको निमार्ण गर्ने, होटल/रिसोर्ट सञ्चालनमा ल्याई स्कि खेल जस्ता साहसिक खेल तथा

क्रियाकलापहरुबाट आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्दै सेवा प्रदान गर्ने योजना रहेको छ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :** यस कम्पनीको प्रमुख बजार भनेको नेपाल लगायत विदेशमा रहेका आन्तरिक तथा बाह्य पर्यटकहरु रहेको छ । यस कम्पनीले राष्ट्रिय तथा अर्न्तराष्ट्रिय पर्यटकहरुलाई आकर्षित गरी एकचोटी पुग्नै पर्ने पर्यटकीय गन्तव्यको रुपमा स्थापित गरेको छ । आ.व २०७९/८० मा यस कम्पनीले एक लाख भन्दा माथि पर्यटकहरुलाई यस क्षेत्रमा अवलोकन एवं दर्शनको लागी आगमन गराउने लक्ष्य लिएको छ । लक्ष्य हासिल गर्न खाँडी चौर देखि चरिकोट सम्मको बाटो तथा चरिकोट देखि कुरी कालिञ्चोक सम्मको बाटो सुधार, पर्यटन सूचना केन्द्रको स्थापना तथा कुरी क्षेत्रमा प्रहरीचौकीको स्थापना समेत भएकाले पर्यटक तथा भक्तजनलाई थप सहज भएको छ । कम्पनीको केबुलकार सेवातर्फ हाल औषतमा दैनिक एक हजार देखि पन्ध्र सय पर्यटकहरुले यात्रा गरिरहेका छन् । सेवा वितरण गर्ने क्रममा यस कम्पनीको केबुलकार सेवाको लागि कम्पनीको बटम स्टेशनमा रहेको टिकट काउन्टरहरुका साथै ट्राभल एजेन्सी एवं अनलाईन माध्यमबाट टिकट खरिद गर्न सकिने व्यवस्था गरिएको छ ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति** : केवलकार संचालन पछि यस कम्पनीमा पर्यटकीय रुपमा आगमन गर्ने पर्यटकहरुको संख्या वार्षिक रुपमा वृद्धि भईरहेकाले कम्पनीले स्थापनाकाल देखि नै बजारमा राम्रो हिस्सा ओगट्न र ग्राहकहरुलाई राम्रो सुविधा दिन सफल भएको छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** केवलकार संचालन तथा मर्मतसम्भारका लागि चाहिने उपयुक्त कच्चा पदार्थ नेपाल, भारत, चीन र स्विजरल्याण्डबाट आयात गर्ने गरिएको र सो कच्चा पदार्थको उपलब्धताका लागि बोलपत्र आव्हान गरी सम्झौता अनुरुप प्रयोगमा ल्याउने गरिएको छ ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :** कम्पनी सेवाग्राहीहरुको लागि गुणस्तरीय सेवा, सुविधा तथा सन्तुष्टि प्रदान गर्न सँधै तत्पर रहि आएको छ । कम्पनीले प्रदान गर्ने सेवाको गुणस्तरलाई उच्च राख्न Standarad Operating Policy -SOP) बमोजिम व्यवस्थापनले कार्य गरिरहेको छ । साथै, समय समयमा आवश्यकता अनुसार स्विजरल्याण्ड बाट दक्ष ईन्जिनियरहरुको टोली झिकाई सुरक्षा परिक्षण गर्ने कार्य गरिने छ ।

(१०) **अनुसन्धान तथा विकास :** कम्पनीले आगामी दिनका चुनौतीहरु एवं बजार प्रतिस्पर्धालाई आत्मसाथ गर्दै हाल प्रदान गरिएको सेवाहरुमा समय सापेक्ष रुपमा आवश्यक परिमार्जन गर्ने तथा नयाँ सेवाहरुको उपयुक्तताको सम्बन्धमा सुझाव गुनासो संकलन गदै आईरहेको छ र उक्त गुनासाहरुमध्ये उचित गुनासाहरुलाई सम्बोधन हुने गरी सेवा प्रदान गर्ने गरिएको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :** विगतको १२ महिनाको अवधिमा नेपालमा मात्र नभई विश्वभरि फैलिएको कोभिड १९ को महामारीका कारण नेपाल सरकारले देशव्यापी रुपमा लकडाउन घोषणा गरेको हुँदा केहि समय यस कम्पनीको केबुलकार सेवा सञ्चालनमा नआएको । नेपाल सरकारले देशव्यापी लकडाउन अत्यको घोषणा गरेसगैं हाल कम्पनीको केबुलकार सेवा सञ्चालनमा आएको ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**
नेपालमा हाल ४ वटा केबलकार सेवा प्रदायकहरु रहेका छन् ।

१. मनकामना दर्शन प्रा. लि. (संचालित क्षेत्रः चितवन जिल्लाको कुरिनटार देखि गोरखा जिल्लाको मनकामना)
२. चन्द्रागिरी हिल्स लिमिटेड (संचालित क्षेत्रः काठमाडौं जिल्लाको थानकोट)
३. कालिन्चोक दर्शन प्रा. लि. (संचालित क्षेत्रः दोलखा जिल्लाको कालिञ्चोक)
४. अन्नपुर्ण केबलबार प्रा.लि. (संचालित क्षेत्रः कास्की जिल्लाको पोखरा)

माथी उल्लेखित केबलकार सेवाहरु देशका विभिन्न स्थानमा संचालित छन् र लक्षित वर्ग पनि स्थानविशेसमा आधारित भएका कारण एउटै सेवा क्षेत्रमा भएतापनि एक अर्काका प्रतिस्पर्धी होइनन् । कालिन्चोक केबलकारको लक्षित उपभोक्ता भनेको कालिन्चोक मन्दिरका दर्शनार्थी हुन् । हाल कालिन्चोक क्षेत्रमा अन्य केबलकार सेवा प्रदायकको उपस्थित नभएको र अन्य यातायात साधनको उपलब्धता भौगोलिक बनावटका कारण सम्भव नभएकाले आफ्नो बजार क्षेत्र दोलखा जिल्लाको कुरी देखि कालिन्चोक मन्दिर सम्म कम्पनीको एकाधिकार रहेको छ ।

हाल संचालनमा रहेको केबलकार कम्पनी र कालिन्चोक दर्शन लिमिटेडको तुलनात्मक अनुपात र विवरणहरु

रु हजारमा

| **विवरण** | कालिन्चोक दर्शन लि. | संचलनमा रहेको केबलकार कम्पनी | कालिन्चोक दर्शन लि. | संचलनमा रहेको केबलकार कम्पनी | कालिन्चोक दर्शन लि. | संचलनमा रहेको केबलकार कम्पनी |
|---|---|---|---|---|---|---|
| | २०७५/७६ | | २०७६/७७ | | २०७७/७८ | |
| आयकर र व्याज अघिको आम्दानी (EBIT) | ५,६२४.९८ | १७०,१०४.०० | ४,९३६.३३ | ८६,९५७.५२ | ९,९३५.६६ | (५०,८०५.८) |
| हालको अनुपात Current Ratio (Times) | ३ | ** | ७.०६ | ०.६१ | ३.०७ | १.३८ |
| ऋण - इक्विटि अनुपात (Debt Equity Ratio) | १.९९ | २.२२ | ०.७४ | १.६५ | ०.७५ | १.५९ |
| इक्विटीमा प्रतिफल (Return on Equity) (%) | -९.५९ | ०.०६ | -७.०५ | -७.९ | -२.५३ | -१७.७८ |
| प्रति शेयर आम्दानी (रु.) | -९.५९ | ०.०६ | -७.०५ | -७.९ | -२.५३ | -१७.७८ |
| पुँजी परिचालनमा प्रतिफल (Return on Capital Employed) (%) | -१२.५९ | ०.०६ | -८.७३ | -९.३५ | -३.२४ | -२५.९२ |
| प्रति शेयर नेटवर्थ (रु.) | ७६.१९ | ९६.६९ | ८०.६८ | ८४.५१ | ७८.१५ | ६८.५९ |

- हालको अनुपात (Current Ratio) : उच्च अनुपातलाई राम्रो मानिन्छ ।
- ऋण इक्विटी अनुपात (Debit-Equity Ratio) : कम अनुपातले जोखिम मामलमा राम्रो स्थितिको संकेत गर्दछ ।
- इक्विटिमा रिर्टन (Return on Equity) : यो अनुपात जति उच्च त्यति राम्रो संकेत जनाउछ ।
- प्रति शेयर आम्दानी (EPS) : प्रति शेयर आम्दानी जति उच्च त्यति राम्रो संकेत जनाउछ ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत् सम्बन्धी विवरण :** सो नभएको ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :** सो नभएको ।

**ग.३.ख. सम्पत्तिको विवरण :**

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :** हालसम्म कम्पनीको नाममा सृजना भै सकेको चल अचल सम्पत्तिको अवस्था तल उल्लेख बमोजिम रहेको छ :

**(आर्थिक वर्ष २०७७/७८ को लेखा परिक्षण प्रतिवेदन अनुसार)**

| विवरण | भवन तथा पार्किङ्ग एवं बाटो | फर्निचर , फिक्स्चर, कम्प्युटर तथा कार्यालय सामाग्री | सवारी साधन | उपकरणहरु | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| कुल परलमोल | १७,०६,३५,५५९.८२ | ५८,१२,१५७.८५ | ९८,१६,४०४.७१ | २५,११,११,०४३.६५ | २६,२३,५०० | ४३,९९,९८,६६६.०३ |
| यस वर्षको थप | ३८,२१,३३५.९५ | ३,५२,८९० | - | २,६९,८७०.८० | - | ४४,४४,०९६.७५ |
| कुल परल मूल्य | १७,४४,५६,८९५.७७ | ६१,६५,०४७.८५ | ९८,१६,४०४.७१ | २५,१३,८०,९१४.४५ | २६,२३,५०० | ४४,४४,४२,७६२.७८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कुल ह्रासकट्टी | १,१५,९७,३७५.१७ | २८,४२,५३७.२३ | ४६,०७,३००.७६ | २,०८,७९,३००.७१ | ७,७८,९११ | ४,०७,०५,४२४.८६ |
| बुक भ्यालु | १६,२८,५९,५२०.६० | ३३,२२,५१०.६२ | ५२,०९,१०३.९५ | २३,०५,०१,६१३.७४ | १८,४४,५८९ | ४०,३७,३७,३३७.९२ |
| पूँजीगत निर्माण | | | | | | |
| जम्मा | १६,२८,५९,५२०.६० | ३३,२२,५१०.६२ | ५२,०९,१०३.९५ | २३,०५,०१,६१३.७४ | १८,४४,५८९ | ४०,३७,३७,३३७.९२ |

उपरोक्त सम्पति यस कम्पनीको रजिष्टर्ड कार्यालय एवं कारोबार गर्ने मुख्य स्थानमा अवस्थित रहेका छन् ।

**(ख) बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :**

**परियोजना निर्माण तथा सञ्चालनका लागि लिजमा लिइएको संगठित संस्थाको जग्गाहरुको विवरण :**

| **सि.न.** | **विवरण** | **क्षेत्रफल** | **जग्गाधनी** |
|---|---|---|---|
| १ | कुरी खर्क क्षेत्र | २.४३ हेक्टर | कालिका माई गुठी (गुठी संस्थान) |

नोट : २.४३ हेक्टर जग्गा सम्पूर्ण बहालमा लिइएको वन क्षेत्र हो ।

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :**

नेपाल एसबीआई बैंक लि. ले मिति २०७४/०४/२३ मा रु.२२,००,००,०००।- (अक्षरेपी बाइस करोड मात्र) र मिति २०७६/०९/२८ मा रु.५,००,००,०००।- (अक्षरेपी पाँच करोड मात्र) ऋण स्वीकृत गरी कुल रु.२७,००,००,०००।- (अक्षरेपी सत्ताइस करोड मात्र) कर्जा लगानी गर्ने व्यवस्था गरिएको छ । उक्त कर्जा र सो को ब्याज तथा अन्य दैदस्तुर समेत खाम्ने गरी सुरक्षण बापत कम्पनीको नाममा हाल रहेको र पछि सिर्जना हुने आयोजनाको चल अचल सम्पत्ति उक्त बैंकहरुको नाममा दृष्टिबन्धकको लिखत रजिष्ट्रेशन पारित गरिएको छ ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पत्तीहरुको मुल्य परलमोलमा नै राखिएकोले पूनर्मुल्याङ्कन गरिएको छैन ।

**(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** सो नभएको ।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागी संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागी चालिने समयवद्ध रणनीती :**

(१) कंपनीको शेयर पुँजीलाई यथोचित परिचालन गरि थप आय हुने व्यवसायमा लगानी बढाउँदै कालिञ्चोक क्षेत्रलाई धार्मिक एवं पर्यटकिय क्षेत्रको रुपमा विकाश गर्ने र न्युनतम खर्चमा अधिक नाफा मुलक ढंगले कार्य गर्ने गरि लक्ष्य निर्धारण गरि आफ्नो काम कारवाहीलाई तीव्र रुपमा अगाडि बढाई रहेको छ ।

(२) विगत २ वर्ष देखि कोभिड १९ को कारण अन्य क्षेत्र लगायत पर्यटन क्षेत्रमा पर्न गएको असरले गर्दा लामो समय सम्म केवलकार बन्द हुन गयो । लकडाउनको अन्त्य हुदा पनि ढुक्क भएर दर्शनार्थीहरु आवत जावत गर्ने वातावरण अझै कायम हुन सकेको छैन । यस कारण कम्पनीको नियमित प्रगतीमा गतिरोध उत्पन्न हुन गएको छ । यस्ता प्रकारका भवितव्यहरु सँगै जुददै कम्पनीलाई सहि गतिमा अगाडी बढाउन थप पूँजीको नितान्त आवश्यकता महसुस गरि कम्पनीले हकप्रद शेयर जारी गरि चुक्ता पूँजीमा केहि बृद्धि गरेको छ भने चुक्तापूँजीको २० प्रतिशतले हुने रकम सर्वसाधारणको लागि निष्कासन गर्न यसै विवरणपत्र मार्फत प्रस्ताव गरिएको छ ।

(३) सर्वसाधारणको लागि प्रस्ताव गरिएको रकम निष्कासन पश्चात यस कम्पनीको पुँजी बृद्धि हुने र सो पुँजीलाई अन्य आर्जन हुने क्षेत्रमा लगानी गरिने तथा कम्पनीको केवलकार योजनामा समेत थप पुँजी लगानी गर्ने योजना रहेको छ ।

(४) क्रमिक रुपले कोभिड १९ को प्रकोपमा केहि कमि आएको तथा पर्यटकहरुको संख्या बढ्दै गएको र पुँजी बृद्धि पछि नयाँ लगानिको अवसर समेत प्राप्त हुने भएकोले शेयरधनीहरुलाई चाडै नाफा वितरण गर्ने लक्ष कम्पनीले लिईएको छ ।

कम्पनीको पूँजी स्रोत, नयाँ योजना सम्बन्धि समयबद्ध रणनीति र सो को सम्भावित लागत लगायतका विवरणहरु :

| कोषको स्रोत | |
|---|---|
| **विवरण** | **रकम रु.** |
| हकप्रद शेयर निष्काशनबाट * | १८५,000,000.00 |
| साधारण शेयर निष्काशनबाट | १२०,000,000.00 |
| परिपक्क FD र नगद प्रवाहको संचालनबाट प्राप्त रकम | ४०,000,000.00 |
| **जम्मा कोष** | **३४५,000,000.00** |

नोट (*) : कम्पनीको सातौ बार्षिक साधारणसभाबाट पूँजी बृद्धी गर्ने बिशेष प्रस्ताव पारित गरी शेयरधनीहरुलाई हकप्रद निष्काशन गरिसकेको ।

| कोषको परिचालन | | | | | |
|---|---|---|---|---|---|
| **विवरण** | **जम्मा प्रक्षेपित रकम रु.** | **आ.व.७९/८० मा प्रक्षेपित रकम रु.** | **आ.व.८०/८१ मा प्रक्षेपित रकम रु.** | **आ.व.८१/८२ मा प्रक्षेपित रकम रु.** | **आ.व.८२/८३ मा प्रक्षेपित रकम रु.** |
| केबलकारको लागी केबलकार नियन्त्रण प्रणाली आ.व. ७९-८० | ३२,५००,००० | ३२,५००,०००.०० | - | - | - |
| केबलकारको लागी केबलकार गण्डोला आ.व. ७९-८० | ६५,०००,००० | ६५,०००,०००.०० | - | - | - |
| केबलकारको लागी Ropeway Winch आ.व. ७९-८० | ५,२००,००० | ५,२००,०००.०० | - | - | - |
| केबलकारको लागी संरचनात्मक संरचना आ.व. ७९-८० | ४७,७००,००० | ४७,७००,०००.०० | - | - | - |
| Hotel Civil works आ.व. ८०-८१ र ८१-८२ | १६३,८९१,४२४.९९ | - | ८४,६५४,२८७.५१ | ७९,२३७,१३७.४९ | - |
| होटलको लागी फर्निचर र फिक्स्चर आ.व. ८०-८१, ८१-८२ र ८२-८३ | २०,०००,००० | - | ५,०००,०००.०० | १०,०००,०००.०० | ५,०००,०००.०० |
| होटलको लागी भान्छा उपकरण र सामाग्री आ.व. ८०-८१ | १०,०००,००० | - | - | १०,०००,०००.०० | - |
| **कुल उपयोग** | **३४२,०००,०००** | **१५०,४००,०००.००** | **८९,६५४,२८७.५१** | **९९,२३७,१३७.४९** | ५,०००,०००.०० |

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिका आधारमा संगठित संस्थाको भविष्य:**

मिति २०७९ असार १० गतेसम्म ४ वटा केबलकार सेवा प्रदायकहरु सञ्चालनमा छन् :

१. मनकामना केबलकार प्रा. लि

२. चन्द्रागिरी हिल्स लिमिटेड

३. कालिन्चोक दर्शन लि.

४. अन्नपूर्ण केबलकार प्रा. लि

चार केबलकार मध्ये दुई कम्पनी चन्द्रागिरी हिल्स लिमिटेड र कालिन्चोक दर्शन लि. पब्लिकमा छन् । लामो इतिहास बोकेको मनकामना केबलकार निजी रुपमा सञ्चालित संस्था हो । त्यसकारण तुलनात्मक डाटा सार्वजनिक डोमेनमा उपलब्ध छैन । त्यस्तै अन्नपूर्ण केबलकार प्रा. लि जसले हालसालै कारोबार सञ्चालन गरेको छ उक्त पनि निजी कम्पनी हो जसको जानकारी सार्वजनिक डोमेनमा उपलब्ध छैन ।

समान उद्योगको हिसाबले नियाल्दा कम्पनी प्रतिस्पर्धी देखिन्छन तर अन्य केबलकार कम्पनीहरु र कालिञ्चोक लिमिटेड फरक लक्षित समूहका विभिन्न पर्यटकीय गन्तव्यमा अवस्थित छन् । यस कम्पनीको स्थानिय तहमा प्रतिस्पर्धी नरहेको र सञ्चालनमा आएका यस्तै अन्य कम्पनीहरुको वित्तिय परिसुचकहरुको विश्लेषण गर्दा तुलनात्मक रुपमा यस कम्पनीको वित्तिय स्थिति मजबुत रहेको छ । यस कम्पनीले प्रदान गरी रहेको सेवा तथा सुविधा अन्यको तुलनामा गुणात्मक रही यस क्षेत्रमा धार्मिक तथा पर्यटकिय भ्रमण एवं दर्शन गर्न आगमन गर्ने पर्यटकहरुको संख्या वार्षिक रुपमा वृद्धि भइरहेको छ । यस कम्पनीबाट सञ्चालित परियोजना पर्यटकीय क्षेत्रमा सञ्चालन गरिएकोले अन्य कम्पनीसँग प्रतिस्पर्धामा जान सक्ने र प्रतिस्पर्धी रही लगानीकर्तालाई उचित प्रतिफल दिन सक्षम रहने कुरामा यस कम्पनी विश्वस्त रहेको छ ।

**ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार कम्तीमा एक जना महिला समेत ७ (सात) जनाको सञ्चालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| संस्थापक समुहबाट | ५ |
| सर्वसाधारण समुहका शेयरधनीहरुबाट | १ |
| स्वतन्त्र सञ्चालक | १ |
| **जम्मा** | **७** |

सञ्चालकहरुको कार्यकाल ४ वर्षको रहेको छ ।

कम्पनीको सञ्चालक पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तिमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

कम्पनीले सर्वसाधारण (स्थानीय बासिन्दा तथा सर्वसाधारणमा) लाई छुट्याएको शेयरको सार्वजनिक निष्कासन भई बाँडफाँट भएपश्चात् १ जना स्वतन्त्र सञ्चालक र १ जना महिला सञ्चालक मनोनयन गरी सञ्चालक समितिको संरचनालाई नियम २७ (२) मा भएको व्यवस्था बमोजिम पूर्णता दिइने व्यहोराको प्रतिबद्धता कम्पनीको मिति २०७८/११/०५ गते बसेको सञ्चालक समितिको बैठकले गरेको छ ।

**ग.४. पूँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्वन्धी विवरण:**

- **अधिकृत पुँजी :** कम्पनीको अधिकृत पूँजी रु. ७५,००,००,०००।– (अक्षरेपी पचहत्तर करोड रुपैयाँ) रहेको छ । उक्त पूँजीलाई रु.१००/–का दरले ७५,००,००० (पचहत्तर लाख) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।
- **जारी पुँजी :** कम्पनीको जारी पूँजी रु. ६०,००,००,०००।– (अक्षरेपी साठ्ठी करोड रुपैयाँ) रहेको छ । उक्त पूँजीलाई रु.१००/–का दरले ६०,००,००० (साठ्ठी लाख) थान शेयरमा बिभाजन गरिएको छ ।
- **चुक्ता पुँजी** : कम्पनीले आफ्नो जारी पूँजी मध्ये रु.४८,००,००,०००।-(अक्षरेपी अड्चालिस करोड रुपैयाँ) संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको तथा बाँकि रु.१२,००,००,०००।- (अक्षरेपी बाह्र करोड) बराबरको १२,००,००० (बाह्र लाख) कित्ता शेयर सर्वसाधारण (स्थानीय, वैदेशिक रोजगारीमा रहेका नेपाली तथा सर्वसाधारण र कर्मचारीहरु समेत) मा सार्वजनिक निष्कासनद्वारा जारी गर्नेछ । स्थानीय, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा सर्वसाधारण र कर्मचारीहरु समेतका लागि छुट्टाइएको रु.१२,००,००,०००।- (अक्षरेपी बाह्र करोड) बराबरको रु.१००।-अंकित दरको १२,००,००० ( बाह्र लाख) कित्ता साधारण शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु. ६०,००,००,०००।– (अक्षरेपी साठ्ठी करोड रुपैयाँ) हुनेछ ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पूँजीमा निम्न बमोजिम परिवतर्न भएको छ :**

| सि.नं. | आर्थिक वर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | २०६७/६८ | २,००,००,००० | २,००,००,००० | २०,००,००० |
| २. | २०६८/६९ | २,००,००,००० | २,००,००,००० | २०,००,००० |
| ३. | २०६९/७० | २,००,००,००० | २,००,००,००० | २०,००,००० |
| ४. | २०७०/७१ | २,००,००,००० | २,००,००,००० | २०,००,००० |
| ५. | २०७१/७२ | २५,००,००,००० | २०,००,००,००० | १,५२,००,००० |
| ६. | २०७२/७३ | २५,००,००,००० | २०,००,००,००० | १०,३३,४०,००० |
| ७. | २०७३/७४ | २५,००,००,००० | २०,००,००,००० | १५,२०,००,००० |
| ८. | २०७४/७५ | २५,००,००,००० | २०,००,००,००० | १५,२०,००,००० |
| ९. | २०७५/७६ | २५,००,००,००० | २०,००,००,००० | १५,२०,००,००० |
| १०. | २०७६/७७ | ३५,००,००,००० | ३०,००,००,००० | २९,५०,००,००० |
| ११. | २०७७/७८ | ३५,००,००,००० | ३०,००,००,००० | २९,५०,००,००० |
| १२. | २०७८/७९ | ७५,००,००,००० | ६०,००,००,००० | ४८,००,००,००० |
| १३. | २०७९/८० | ७५,००,००,००० | ६०,००,००,००० | ४८,००,००,००० (रु.१२,००,००,००० रकम बराबरको साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पाश्चात् कम्पनीको चुक्ता पुँजी रु. ६०,००,००,००० हुनेछ ।) |

**(ख) निष्कासन पछिको चुक्ता पुँजी(समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)**
कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार स्थानीय तथा सर्वसाधारणहरुमा साधारण शेयर निष्कासन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहनेछ :

| **क.स.** | **विवरण** | **शेयर संख्या** | **चुक्ता रकम (रु.)** | **पुँजी संरचना** | **भुक्तानी विवरण** |
|---|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनी | ४८,००,००० | ४८,००,००,००० | ८०% | शतप्रतिशत |
| २ | सर्वसाधारण शेयरधनी (स्थानीय) | १,२०,००० | १,२०,००,००० | २% | शतप्रतिशत |
| ३ | सर्वसाधारण शेयरधनी (वैदेशिक रोजगारीमा रहेका नेपाली, कर्मचारीहरु तथा सामूहिक लगानी कोष समेत ) | १०,८०,००० | १०,८०,००,००० | १८% | हाल निष्काशन प्रक्रियामा रहेको |
| | **जम्मा** | **६०,००,०००** | **६०,००,००,०००** | **१००%** | |

**नोट :** १. सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ ।
२. **मिति २०७९।०७।१७ गते देखि लागु हुने गरी स्वीकृत भएको** धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैठौं संशोधन २०७९)**को दफा ४ (ख) (१) मा व्यवस्था भए बमोजिम सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि छुट्याईएको ।**

**(ग) शेयर प्रिमियम खाता (निष्कासन पूर्व र निष्कासन पश्चात्)** : सो नभएको ।

**ग.५.संस्थापक/संचालक सम्बन्धी जानकारी :**
**ग.५.क. संस्थापक/सञ्चालकको पृष्ठभूमी :**
**(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता,अनुभव, र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण :**

| **सिं नं.** | **नाम, पद** | **उमेर** | **राष्ट्रियता** | **ठेगाना** | **शेयर स्वामित्व** | **शैक्षिक योग्यता** | **अनुभव (पूर्व र हाल कार्यरत)** |
|---|---|---|---|---|---|---|---|
| १. | बाल कृष्ण | ५३ | नेपाली | कालिन्चोक | ४३०,१८० | स्नातक | बोर्ड सदस्य - लगानी बोर्ड नेपाल मा २०७४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शिवाकोटी (अध्यक्ष) | | | ०८, दोलखा | | | देखी हालसम्म (तेस्रो कार्यकाल)<br>सञ्चालक - मेगा बैंक नेपाल लिमिटेड मा २०७५ देखी हालसम्म<br>पूर्व अध्यक्ष - कालिन्चोक डेभलपमेन्ट बैंक लि. |
| २. | मार्कण्डेय अधिकारी (सञ्चालक) | ६१ | नेपाली | भरतपुर १०, चितवन | १८२,७६० | आई. ए त्रि.वि | अध्यक्ष - ए. जि लाइम प्रा.लि.<br>पूर्व अध्यक्ष - कालिन्चोक दर्शन लिमिटेड मा २०७२ देखी २०७६ सम्म |
| ३. | ऋषिकेश गौली (सञ्चालक) | ६४ | नेपाली | रत्ननगर १२, चितवन | १४०,८६५ | डिप्लोमा - फोरेष्ट्रि | सिद्धि कन्स्ट्रक्सन एण्ड मिनरल्स इन्डिष्ट्रिज प्रा.लि. - शेयरधनी<br>उषा मल्टिपल बिजनेश प्रा.लि.- संस्थापक शेयरधनी |
| ४. | रमेश राज शिवाकोटी (सञ्चालक) | ५१ | नेपाली | कालिन्चोक ०८, दोलखा | ११६,२०० | स्नातक | संचालक सदस्य -पशुपति क्षेत्र विकास कोष<br>प्रबन्ध निर्देशक - पशुपति भिजन प्रा.लि. |
| ५. | गुरु प्रसाद अधिकारी (सञ्चालक) | ५१ | नेपाली | भरतपुर १३, चितवन | ५७२,६०० | स्नातक | निर्देशक - एक्युट नेपाल प्रा. लि. २०५१ देखि हाल,<br>निर्देशक - जि.एस इन्जिनियरस् एण्ड कन्सट्रक्सन कम्पनी प्रा.लि २०६५ देखि हाल, |
| ६. | थानेश्वर बस्याल (सञ्चालक) | ३५ | नेपाली | मदनपोखरा ०९, पाल्पा | ११०,००० | सि.ए/ स्नातकोत्तर | पार्टनर - बस्याल एण्ड एसोसियट्स (२०६९ देखि हालसम्म)<br>निर्देशक- सत्यवति दर्शन प्रा.लि. (२०७६ देखि हालसम्म)<br>निर्देशक- युनाइटेट लुम्बिनी इन्भेस्टमेन्ट प्रा.लि (२०७२ देखि हालसम्म) |
| ७. | अशोक शिवाकोटी (प्रमुख कार्यकारी अधिकृत) | ५५ | नेपाली | सुर्यविनायक बालकोट, भक्तपुर | ५०,००० | स्नातकोत्तर | प्रमुख कार्यकारी अधिकृत - कालिन्चोक डेभलपमेन्ट बैंक लि. (२०६८-२०७३ सम्म) |
| ८. | दिपक अधिकारी (संस्थापक शेयरधनी) | ३९ | नेपाली | भरतपुर १०, चितवन | १९७,०५५ | स्नातकोत्तर | डाक्टर - चितवन मेडिकल कलेज |
| ९ | उमेश राज शिवाकोटी (संस्थापक शेयरधनी) | ४७ | नेपाली | कालिन्चोक ०८, दोलखा | ३१२,५३० | स्नातक | प्रोप्राइटर- होटल आमाडाबलाम |
| १०. | सन्जय कुमार जैन (संस्थापक शेयरधनी) | ४६ | नेपाली | कञ्चनरुप ०५, सप्तरी | २००,०३० | जियोटेक्नि कल इन्जिनियर | व्यापार तथा व्यवसाय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११. | बबिन शिवाकोटी (संस्थापक शेयरधनी) | ४५ | नेपाली | कालिन्चोक ०८, दोलखा | १५०,०६० | स्नातकोत्तर | मार्केटिङ म्यानेजर - ट्रान्सक्रिप्त गार्मेन्ट प्रोप्राइटर- बि.ओ.बि इन्टरनेशनल |
| १२. | सन्ध्या लामिछाने (संस्थापक शेयरधनी) | ४४ | नेपाली | काठमाण्डौं ०९ | ५७,२२० | स्नातक | प्रोप्राइटर-नव कान्तिपुर फर्निचर उद्योग |
| १३. | दिपक कुमार खड्का (संस्थापक शेयरधनी) | ६४ | नेपाली | बिगु , दोलखा | ६२,९५० | स्नातकोत्तर | व्यापार तथा व्यवसाय |
| १४. | देवका शिवाकोटी (संस्थापक शेयरधनी) | ५६ | नेपाली | कालिन्चोक ०८, दोलखा | ६७,००० | एस.एल.सि | गृहिणी |
| १५. | भगवती चटौत (संस्थापक शेयरधनी) | ४४ | नेपाली | कञ्चनपुर ०४ | १७८,६७५ | स्नातक | गृहिणी |
| १६. | गिता उप्रेती (संस्थापक शेयरधनी) | ४७ | नेपाली | हरिबन ०२, सर्लाही | ७५,००० | स्नातक | गृहिणी |
| १७. | सुजन उप्रेति (संस्थापक शेयरधनी) | २९ | नेपाली | काठमाण्डौं ०७ | ९०,००० | एस.एल.सि | मालिक- कालिमाटी होलसेल पसल |
| १८. | इन्दिरा पराजुली (संस्थापक शेयरधनी) | ४६ | नेपाली | काठमाण्डौं ३५ | १५८,९२० | आइ.ए | व्यापार व्यवसाय |
| १९. | जलहरी शिवाकोटी (संस्थापक शेयरधनी) | ४८ | नेपाली | कालिन्चोक ०७, दोलखा | ५०,०१० | स्नातक | व्यापार व्यवसाय |
| २०. | सिद्धार्थ इन्फास्ट्रक्चर डेभलपमेन्ट एण्ड इनभेष्टमेन्ट प्राइभेट लिमिटेड (संस्थापक शेयरधनी) | लागु नहुने | नेपाली | काठमाण्डौं १० | ३००,००० | लागु नहुने | लागु नहुने |
| २१. | हरिस चटौत (संस्थापक शेयरधनी) | ४७ | नेपाली | कञ्चनपुर ०४ | १५०,००० | स्नातक | व्यापार व्यवसाय |
| २२. | सुशिला देवि भुसाल (संस्थापक शेयरधनी) | ५६ | नेपाली | बिहाडी ०५, पर्वत | ७५,००० | एस.एल.सि | गृहिणी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३. | उमेश खड्का (संस्थापक शेयरधनी) | ३७ | नेपाली | भिमेश्वर १३, दोलखा | ५०,००० | स्नातकोत्तर | एम.डि- अलाइभ सेभिङ एण्ड क्रेडिट |

**संचालकहरुको विवरण**

| सि.नं. | नाम, पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | प्रस्तावित व्यापार /व्यवसाय | अनुभव -पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|---|
| १. | बाल कृष्ण शिवाकोटी (अध्यक्ष) | ५३ | नेपाली | कालिन्चोक ०८, दोलखा | ४३०,१८० | स्नातक | यस कम्पनीमा मिति २०७२ देखि २०७६ सम्म सञ्चालकको रुपमा रहनुभएको र २०७६/०९/२४ देखि हाल सम्म अध्यक्षको रुपमा रहनुभएको । | बोर्ड सदस्य - लगानी बोर्ड नेपाल मा २०७४ देखी हालसम्म (तेस्रो कार्यकाल) सञ्चालक - मेगा बैंक नेपाल लिमिटेड मा २०७५ देखी हालसम्म पूर्व अध्यक्ष - कालिञ्चोक डेभलपमेन्ट बैंक लि. |
| २. | मार्कण्डेय अधिकारी (सञ्चालक) | ६१ | नेपाली | भरतपुर १०, चितवन | १८२,७६० | आई. ए त्रि.वि | यस कम्पनीमा मिति २०७२ देखि २०७६ सम्म अध्यक्षका रुपमा रहनुभएको र २०७६/०९/२४ देखि हाल सम्म सञ्चालकको रुपमा रहनुभएको । | अध्यक्ष - ए. जि लाइम प्रा.लि. पूर्व अध्यक्ष - कालिञ्चोक दर्शन लिमिटेड |
| ३. | ऋषिकेश गौली (सञ्चालक) | ६४ | नेपाली | रत्ननगर १२, चितवन | १४०,८६५ | डिप्लोमा - फोरेष्ट्रि | यस कम्पनीमा पहिलो कार्यकालमा (२०७२-२०७६) सम्म र दोस्रो कार्यकालमा मिति २०७६/०९/२४ देखि हाल सम्म सञ्चालकको रुपमा रहनुभएको । | सिद्धि कन्स्ट्रक्सन एण्ड मिनरल्स इन्डिष्ट्रिज प्रा.लि. - शेयरधनी उषा मल्टिपल बिजनेश प्रा.लि.- संस्थापक शेयरधनी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. | रमेश राज शिवाकोटी (सञ्चालक) | ५१ | नेपाली | कालिन्चोक ०८, दोलखा | ११६,२०० | स्नातक | यस कम्पनीमा पहिलो कार्यकालमा ( २०७२-२०७६) सम्म र दोस्रो कार्यकालमा मिति २०७६/०९/२४ देखि हाल सम्म सञ्चालकको रुपमा रहनुभएको । | संचालक सदस्य -पशुपति क्षेत्र विकास कोष<br>प्रबन्ध निर्देशक - पशुपति भिजन प्रा.लि. |
| ५. | दिल्ली प्रसाद शिवाकोटी (सञ्चालक) | ५८ | नेपाली | कालिन्चोक ०८, दोलखा | ४७,३२५ | एस.एल.सि | यस कम्पनीमा पहिलो कार्यकालमा ( २०७२-२०७६) सम्म र दोस्रो कार्यकालमा मिति २०७६/०९/२४ देखि हाल सम्म सञ्चालकको रुपमा रहनुभएको । | निर्देशक - वेलकम टेक्नोल प्रा.लि र एडिसन ट्रेड लिङ्क प्रा.लि २०५५ देखि हालसम्म<br>शिक्षक - देविधन आधारभूत विद्यालय २०४०-२०४९ |
| ६. | गुरु प्रसाद अधिकारी (सञ्चालक) | ५१ | नेपाली | भरतपुर १३, चितवन | ५७२,६०० | स्नातक | यस कम्पनीमा पहिलो कार्यकालमा (२०७३-२०७६) सम्म र दोस्रो कार्यकालमा मिति २०७६/०९/२४ देखि हाल सम्म सञ्चालकको रुपमा रहनुभएको । | निर्देशक - एक्युट नेपाल प्रा. लि. २०५१ देखि हाल<br>निर्देशक - जि.एस इन्जिनियरस् एण्ड कन्सट्रक्सन कम्पनी प्रा.लि २०६५ देखि हाल |
| ७. | थानेश्वर बस्याल (सञ्चालक) | ३५ | नेपाली | मदनपोखरा ०९, पाल्पा | ११०,००० | सि.ए/ स्नातकोत्तर | यस कम्पनीमा मिति २०७६/०९/२४ देखि हाल सम्म सञ्चालकको रुपमा रहनुभएको । | पार्टनर - बस्याल एण्ड एसोसियट्स (२०६९ देखि हालसम्म)<br>निर्देशक- सत्यवति दर्शन प्रा.लि. (२०७६ देखि हालसम्म)<br>निर्देशक- युनाइटेट लुम्बिनी इन्भेस्टमेन्ट प्रा.लि (२०७२ देखि हालसम्म) |

यस कम्पनीका संचालकहरु अन्य समान उद्देश्य भएको कम्पनीको संचालकमा नरहेको व्यहोरा जानकारी गर्दछौं ।

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक ब्यक्ति नखुलेसम्म) :**

| क्र.स. | संस्थापकहरुको नाम तथा ठेगाना | संक्षिप्त विवरण | सञ्चालकहरुको नाम तथा ठेगाना |
|---|---|---|---|
| १ | सिद्धार्थ इन्फास्ट्रक्चर डेभलपमेन्ट एण्ड इन्भेष्टमेन्ट कम्पनी प्राइभेट लिमिटेड | यस सिद्धार्थ इन्फास्ट्रक्चर डेभलपमेन्ट एण्ड इन्भेष्टमेन्ट कम्पनी प्राइभेट लिमिटेड को रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, का.म.न.पा, वडा नं. १० मा रहेको छ। कम्पनीले निजी क्षेत्रसँग रहेको पूँजी, प्रविधि, व्यवस्थापकीय ज्ञान, सीप र अनुभवलाई पूर्वाधार संरचनाको विकास र सञ्चालनमा उपयोग गरी सरकारी, सहकारी र सामूदायिक क्षेत्रसँगको सहकार्यमा मुलुकको आर्थिक समृद्धि हासिल गर्न टेवा पुराउदै आएको छ। | - इन्भाइरोमेन्ट एण्ड रिसोर्स मेनेजमेन्ट कन्सलटेन्ट प्रा. लि.- संस्थापक का.म.पा. १०, काठमाण्डौं का प्रतिनिधि श्री उद्वब राज चौलागाँई र श्री हेमनिधि शर्मा<br>- श्री रमेश कुमार सिलवाल - बेनीघाट रोराङ्ग, धादिङ्ग<br>- श्री सुदिप ज्ञवाली - रिप्दीकोट, पाल्पा<br>- श्री भक्तराम ज्ञवाली - रिब्दीकाट-५, पाल्पा<br>- श्री रमेशराज शिवाकोटी - कालिन्चोक, दोलखा<br>- श्री शिवकृष्ण श्रेष्ठ - मध्यपुर ठिमी, भक्तपुर |

**(ग) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्रं सं | सञ्चालकको नाम, ठेगाना | आवद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १ | श्री बाल कृष्ण शिवाकोटी | निर्देशक - मेगा बैंक नेपाल लिमिटेड<br>बोर्ड सदस्य - लगानी बोर्ड नेपाल |
| २ | श्री मार्कण्डेय अधिकारी | अध्यक्ष - ए. जि लाइम प्रा.लि. |
| १. | केबुलकार परियोजना | रु. ५०,००,००,०००।- (पूँजिकृत ब्याज रकम सहित) | – | परियोजना पूर्ण रुपमा सम्पन्न भई मिति २०७५ कार्तिक १७ देखि सञ्चालनमा आईसकेको । केवलकार रोप मार्ग ९०० मि. छ र हाल चार वटा गोण्डोला सञ्चालनमा छन् जसमा दैनिक २५०० मान्छे आवत जावत गर्न सक्छन् । | IPO निष्काशन पश्चात् थप ३५ करोड लगानी गरी होटल, रेष्टुरेन्ट तथा अन्य परियोजना सञ्चालनमा ल्याउने योजना रहेको छ । |

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :**
केबुलकार परियोजना पूर्ण रुपमा सम्पन्न भई मिति २०७५ कार्तिक १७ देखि सञ्चालनमा आईसकेको ।

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य बूँदाहरु :** सो नभएको ।

**(च) कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

**(छ) उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगतका वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** सो नभएको ।

**(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** सो नभएको ।

**(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** सो नभएको ।

**(ञ) सार्वजनिक निष्कासनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

(अ) निष्कासन तथा बिक्री प्रबन्धक - रु.१,००,०००/–

(आ) ट्रष्टी (डिवेन्चर निष्कासनको हकमा) - निष्कासन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

(ई) प्रत्याभूतिकर्ता शुल्क – रु. १,००,०००/-

(इ) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – वित्तिय प्रक्षेपण प्रमाणित गरिदिने विशेषज्ञ चार्टर्ड एकाउण्टेण्ट संस्था प्रशांक एण्ड एसोसिएट्स लाई सेवा शुल्क वापत रकम रु. ३३,९००/- (भ्याट समेत) बुझाएको छ ।

(उ) लेखापरिक्षकको शुल्क – लेखापरीक्षक सापकोटा एस.एण्ड एसोसिएटस,चार्टर्ड एकाउन्टेण्टस्लाई आ.व. २०७७/०७८ को लेखापरिक्षण वापत रु. ७७,०००/- (भ्याट समेत) शुल्क बुझाइएको छ ।

(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्कासन बैंक आदि)– संकलन केन्द्रहरुले रकम संकलन तथा फिर्ता भुक्तानी गरे बापत (स्थानीय बासिन्दाहरुलाई निष्काशन गरिने) अन्य खर्चहरु विलको आधारमा भुक्तानी गरिने छ ।

**ग.१०.ग. सार्वजनिक निष्कासनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण :** सो नभएको ।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाइएको विधि र औचित्य :** शेयरको मुल्यमा प्रिमियम थप गरिएको छैन ।

**ग.१०.ङ धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :**

**(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :**

यस विवरणपत्र मार्फत सर्वसाधारणमा जारी गरिएको साधारण शेयर खरीदकालागि आवेदनकर्ताहरुबाट अत्यधिक माग भई आएको अवस्थामा प्राप्त भएका आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैंठौं संशोधन २०७९) मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । त्यसैगरी निष्काशन गरिएको अवधि भरमा समेत सर्वसाधारणहरुबाट न्यून माग भई आएको अवस्थामा बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताबाट प्रत्याभूति सम्झौतामा उल्लेख भएको शर्त बमोजिम खरीद हुनेछ ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था :**

धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार छ । आस्बा प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरुको हकमा शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्विकृत र अस्विकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरणका आधारमा सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**

"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैंठौं संशोधन २०७९)" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँड पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा दफा २९ को उपदफा ३ मा भएको व्यबस्था बमोजिम शेयर बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

उपरोक्त व्यवस्था आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन ।

**(घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :**

निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैंठौं संशोधन २०७९) तथा प्रचलित शेयर बाँडफाँट सम्वन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

**(ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :**सो नभएको ।

**(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**

निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैंठौं संशोधन २०७९)" मा भएको व्यवस्था अनुसार साधारण शेयर सर्वसाधारणमा बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता गराई शेयर खरीद बिक्रीको व्यवस्था मिलाईनेछ ।

**ग.१०.च प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम : .**

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि बिक्री गरिने शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा सर्वसाधारणहरुलाई निष्काशन गरिने शेयरमा थप गरी बिक्रि गर्ने र सर्वसाधारणमा निष्काशन गरिने शेयर (वैदेशिक रोजगारीमा रहेका नेपालीलाई सुरक्षित गरिएको समेत) पूर्ण रुपमा बिक्री नभई शेयर बाँकी रहेमा सो बाँकी रहेको शेयर प्रत्याभुत गर्नका लागि श्री नेपाल बंगलादेश क्यापिटल लिमिटेड, बिजुलीबजार, काठमाडौंद्वारा प्रत्याभूतिका लागि प्रतिवद्धता सहित सम्झौता प्राप्त भएको छ ।

| क्र.सं. | नाम, ठेगाना | संख्या | रकम |
|---|---|---|---|
| १ | नेपाल बंगलादेश क्यापिटल लिमिटेड, बिजुलीबजार, काठमाडौं | १२,००,००० | १२,००,००,००० |
| | **जम्मा** | **१२,००,०००** | **१२,००,००,०००** |

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

१. यस कम्पनीले १२,००,००० कित्ता साधारण (स्थानीय बासिन्दाहरु तथा सर्वसाधारणका लागि) शेयर निष्काशन गर्नका लागि नियमानुसार शत प्रतिशत शेयर प्रत्याभूति गर्नको लागि प्रत्याभूतिकर्ता श्री नेपाल बंगलादेश क्यापिटल लिमिटेड, बिजुलीबजार, काठमाण्डौंसँग मिति २०७८/१२/१५ मा प्रत्याभूति सम्झौता गरिएको छ ।

२. कम्पनीले आयोजना प्रभावित क्षेत्रमा स्थायी बसोबास गर्ने स्थानीय बासिन्दाको लागि छुट्टयाइएको २ प्रतिशतले हुन आउने रु.१००।- अंकित दरका १,२०,००० कित्ता शेयरको मूल्य रु.१,२०,००,०००।- (अक्षेरुपी एक करोड बिस लाख मात्र) र सर्वसाधारणको लागि छुट्टयाइएको १८ प्रतिशतले हुन आउने रु.१००।- अंकित दरका १०,८०,००० (वैदेशिक रोजगारीमा रहेको नेपालीहरुलाई छुट्टयाइएको १,०८००० कित्ता समेत) कित्ता शेयरको मूल्य रु.१०,८०,००,०००।-( अक्षरेपी दस करोड असी लाख मात्र) गरी कूल १२,००,००० कित्ता साधारण शेयर वापत रु.१२,००,००,०००।-(अक्षेरुपी बाह्र करोड मात्र) शेयर मूल्य बराबरको शेयर प्रत्याभूतिको कार्य गर्न श्री नेपाल बंगलादेश क्यापिटल लिमिटेड, बिजुलीबजार, काठमाण्डौंबाट प्रस्ताव प्राप्त भएको । सो सम्बन्धमा नेपाल बंगलादेश क्यापिटल लिमिटेडले १२,००,००० कित्ता साधारण शेयर वापत रु.१२,००,००,०००।-(अक्षरेपी बाह्र करोड मात्र) शेयर मूल्य बराबरको शेयर प्रत्याभूतिको कार्य गर्न सम्झौता गरिएको ।

३. प्रत्याभूतिकर्ताले आफू नेपाल धितोपत्र बोर्डबाट सदस्यता प्राप्त धितोपत्र व्यवसायी रहेको र कम्पनीको १२,००,००० कित्ता शेयर प्रत्याभूति गर्न कानुनी र आर्थिक रुपमा सक्षम आधिकारिक संस्था हो भनी उद्घोष गरेको ।

४. प्रत्याभूतिकर्ताले कम्पनीको शेयर प्रत्याभूत गर्ने प्रयोजनको लागि यस सम्झौता बमोजिम कबुल गरेको शेयर कित्ताले खामेसम्मको मात्र दायित्व बहन गर्नेछ । शेयर प्रत्याभूति सम्बन्धमा १२,००,००० कित्ता साधारण शेयर वापत रु.१२,००,००,०००।- (अक्षरेपी बाह्र करोड मात्र) शेयर मूल्य बराबरको प्रत्याभूति गरे बापत प्रत्याभूतिकर्तालाई सेवा शुल्क बापत नियमानुसार लाग्ने कर सहित रु.१,००,०००।०० (अक्षरेपी एक लाख मात्र) सेवा शुल्क प्रदान गर्न कम्पनी मञ्जुर गर्दछ । शेयर प्रत्याभूति गरे बापतको सेवा शु:ल्कको रकम मध्येबाट प्रचलित कानुन बमोजिम कर कट्टी गरी प्रत्याभूतिकर्तालाई सात (७) दिनभित्र भुक्तानी गर्न कम्पनी मञ्जुर गर्दछ । सो रकम फिर्ता नहुने प्रकारको (Non Refundable) हुनुको साथै सो रकममा प्रत्याभूतिकर्ताले नेपाल धितोपत्र बोर्डलाई बुझाउनु पर्ने सम्पूर्ण रकम समेत समावेश हुनेछ ।

५. प्रत्याभूति गरेको शेयर प्रत्याभूतिकर्ताले ग्रहण गर्नु परेमा उक्त शेयर ग्रहण गरेपछि सर्वसाधारण शेयरधनी सरह प्रत्याभूतिकर्तालाई शेयर प्रतिको हक अधिकार प्राप्त हुनेछ ।

६. प्रत्याभूतिकर्ताको दायित्व निजले प्रत्याभूति गर्न मन्जुर गरेको रकमको हदसम्म मात्र कायम रहनेछ । निष्काशन कम्पनीले निष्काशन गर्ने शेयरहरु पूर्ण रुपमा खरीद भए पछि प्रत्याभूतिकर्ताको दायित्व स्वतः समाप्त हुनेछ ।

७. सबै पक्षको आपसी सहमतिमा यस सम्झौतापत्रका शर्तहरू परिवर्तन गर्न, परिमार्जन गर्न वा संशोधन गर्न सकिनेछ र त्यस्ता परिवर्तनहरू यो सम्झौतापत्रको अभिन्न अङ्ग मानिनेछ ।

८. यो सम्झौतापत्रमा उल्लेखित कुनै शर्त तथा त्यसको पालना एवं व्याख्याका विषयमा निष्काशन कम्पनी तथा प्रत्याभूतकर्ता बीच कुनै विवाद उत्पन्न भएमा सो विवाद आपसी छलफल गरी सहमतिबाट समाधान गरिनेछ । यसरी आपसी सहमतिवाट विवादको समाधान नभएमा प्रचलित कानून वमोजिम विवादको समाधान गरिनेछ ।

**ग.१०.छ आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

यस विवरण-पत्र अनुसार निष्काशन गरिने साधारण शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक ब्यबस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी ब्यबस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, पशुपति भिजन पिंगलास्थान, गौशाला, काठमाण्डौं वा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको कार्यालय, नक्साल, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरण-पत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट् संलग्न गरी दरखास्त दिनु पर्नेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले न्युनतम १० ( दश) कित्ता र १० अंकको गुणाङ्कमा अधिकतम ४,९९० (चार हजार नौ सय नब्बे) कित्तासम्म शेयर खरीद गर्नका लागि दरखास्त दिन सकिनेछ ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

२. यस विवरणपत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।

३. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

४. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

५. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

६. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

ग. नावालक वा विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।

घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।

ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।

च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
छ. आवेदकको हितग्राही -डिम्याट खाता नम्बर ।

७. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन ।

८. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

९. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१०. आयोजना प्रभावित क्षेत्रका बासिन्दा र वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् र यदि आवेदन गरेको पाईएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ ।

१०. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

११. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

१२. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१३. रु. ५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१४. संगठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा संगठित संस्थाको व्यवस्थापन वा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको मितिले एकवर्षसम्म सम्बन्धित संगठित संस्था वा त्यसको सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवारको सदस्य वा अन्य कुनै व्यक्ति वा त्यस्ता व्यक्तिको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा वा अन्य व्यक्तिलाई खरिद विक्री गर्न गराउन वा हस्तान्तरण गर्न वा लेनदेन गर्न सक्नेछैन ।

१५.यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम ४,९९० (चार हजार नौ सय नब्बे) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ ।

**ग.११. <u>सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :</u>**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति : कारोबार नभएको ।

(ख) आधारभुत शेयरधनी : कारोबार नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य : कारोबार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभुत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्भौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्न भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्भौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्भौता गरेको छैन ।

(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोबार गरेको छैन ।

ग.१२. <u>विदेशी लगानी र व्यबस्थापन सम्बन्धी विवरण :</u>

**विदेशी लगानी र व्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी व्यबस्थापनमा नरहेको ।

ग.१३. <u>सुचीकृत संगठित संस्थाले सार्वजनिक निष्कासन गर्ने भएमा सो को विवरण :</u>

(क) **संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्युनतम, अन्तिम बजार मुल्यका साथै कारोवार भएको शेयर संख्या :** निष्कासनकर्ता कम्पनी सुचीकृत संगठित संस्था नभएको ।

(ख) **बोर्डमा विवरण-पत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्युन र अन्तिम मुल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :** सो नभएको ।

ग.१४ <u>पछिल्लो सार्वजनिक निष्कासनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :</u>

**संगठित संस्थाले यसभन्दा अगाडी धितोपत्र निष्कासन गर्दा तयार गरेको विवरण-पत्र वा अन्य विवरणहरुमा उल्लेख गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्युन हुन गएको भए यसरी फरक पर्नाको कारण :** हाल सम्म कुनै सार्वजनिक निष्कासन नगरिएको ।

ग.१५. <u>परामर्शदाता/बिशेषज्ञ सम्बन्धी विवरण:</u>

(क) **लेखापरिक्षक, प्रमुख बैंक, निष्कासन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) कम्पनीको आ.व. २०७७/७८ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण सापकोटा एस.एण्ड एसोसिएटस्,चार्टर्ड एकाउन्टेण्टस्,थापागाँउ बानेश्वर, काठमाडौंका चार्टड एकाउण्टेण्ट, श्री सुशिल सापकोटा ले गर्नुभएको छ ।

आ) यस निष्कासनको लागि प्रमुख बैंकको ब्यबस्था गरिएको छैन ।

इ) यस निष्कासनको लागि देहायका बैंकलाई निष्कासन बैंक **(Banker to the Issue)**को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्कासन बैंकको नाम, ठेगाना | खाता नं. |
|---|---|---|
| १. | नबिल बैंक लिमिटेड, तिनधारा | 03501017501151 (Current) |
| | | 03506017500365 (Call) |
| २. | मेगा बैंक नेपाल लिमिटेड,कमलादी | 0010010419057 (Current) |
| | | 0010060419061 (Call) |

साथै आवश्यकता अनुसार निष्कासन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत यस धितोपत्र निष्कासनको लागि निष्कासन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको कम्पनीको स्थिति, निष्कासनकर्ता कम्पनीको दक्षता र निष्कासनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने चार्टर्ड एकाउण्टेण्ट संस्था प्रशांक एण्ड एसोसिएट्स का चार्टर्ड एकाउण्टेण्ट श्री प्रशांक सापकोटा ले प्रमाणित गर्नु भएको छ ।

(ख) **माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु** : सो निम्न बमोजिम भएको :

- **लेखापरीक्षकः**
  कम्पनीको आ.व.२०७७/७८को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण सापकोटा एस.एण्ड एसोसिएटस्,चार्टर्ड एकाउन्टेण्टस्, का चार्टर्ड एकाउण्टेण्ट श्री सुशिल सापकोटा ले गर्नुभएको छ ।
- **निष्काशन बैंक (Bankers to the Issue) :**
  निष्काशन बैंक (Banker to the Issue) सँग गरिएका मुख्य बुँदाहरु देहाय बमोजिम रहेका छन् :
  - संकलन केन्द्रहरुबाट आवेदन फारम वापत जम्मा भएका रकमहरु जम्मा गर्ने ।
  - लगानीकर्ताहरुको रकमको सुरक्षण गर्ने ।
- **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :** वित्तीय प्रक्षेपण कम्पनीको व्यवस्थापनले तयार गरेको हो ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्कासन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**

परियोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्वःलगानी र बैंक वित्तीय संस्थाहरुबाट ऋण प्राप्त गरी आयोजनाका कामहरु सञ्चालन भैरहेको छ ।

| क. सं. | बैंकको नाम | शुरुको कर्जा रकम (रु.) | कर्जाको भुक्तानी अवधी | किस्ता भुक्तानीको तरिका | शुरु तथा हालको व्याजदर | हालसम्म भुक्तान गरिएको कर्जा रकम | बाँकी कर्जा रकम (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल एस.बि.आई लिमिटेड | २१,८७,२४,००० | १० वर्ष | त्रैमासिक | वेस रेट +२% (९.९४+२) | ३,२९,८९,७९१.६२ | १८,५७,३४,२०८.३८ |
| २ | नेपाल एस.बि.आई लिमिटेड | ३,५०,५०,००० | ७ वर्ष | त्रैमासिक | वेस रेट +२% (९.९४+२) | ४०,००,००० | ३,१०,५०,००० |

कम्पनीले तल दिएको तालिका अनुसारको कर्जा रकम भुक्तानी गर्ने छ :

पहिलो अवधिको ऋणको भुक्तानी तालिका

| Due Date | Installment | Loan Outstanding |
|---|---|---|
| | | १८५,७३४,२०८.३८ |
| श्रावण २०२२ | ६,०००,०००.०० | १७९,७३४,२०८.३८ |
| कार्त्तिक २०२२ | ५,७५०,०००.०० | १७३,९८४,२०८.३८ |
| माघ २०२२ | ५,७५०,०००.०० | १६८,२३४,२०८.३८ |
| बैशाख २०२३ | ६,२५०,०००.०० | १६१,९८४,२०८.३८ |
| श्रावण २०२३ | ६,२५०,०००.०० | १५५,७३४,२०८.३८ |
| कार्त्तिक २०२३ | ६,७५०,०००.०० | १४८,९८४,२०८.३८ |
| माघ २०२३ | ६,७५०,०००.०० | १४२,२३४,२०८.३८ |
| बैशाख २०२४ | ७,२५०,०००.०० | १३४,९८४,२०८.३८ |
| श्रावण २०२४ | ७,२५०,०००.०० | १२७,७३४,२०८.३८ |
| कार्त्तिक २०२४ | ७,०००,०००.०० | १२०,७३४,२०८.३८ |
| माघ २०२४ | ७,०००,०००.०० | ११३,७३४,२०८.३८ |
| बैशाख २०२५ | ८,५००,०००.०० | १०५,२३४,२०८.३८ |
| श्रावण २०२५ | ८,५००,०००.०० | ९६,७३४,२०८.३८ |
| कार्त्तिक २०२५ | ८,५००,०००.०० | ८८,२३४,२०८.३८ |
| माघ २०२५ | ९,५००,०००.०० | ७८,७३४,२०८.३८ |
| बैशाख २०२६ | ९,५००,०००.०० | ६९,२३४,२०८.३८ |
| श्रावण २०२६ | ९,५००,०००.०० | ५९,७३४,२०८.३८ |
| कार्त्तिक २०२६ | ५,२५०,०००.०० | ५४,४८४,२०८.३८ |
| माघ २०२६ | ५,२५०,०००.०० | ४९,२३४,२०८.३८ |
| बैशाख २०२७ | ६,२५०,०००.०० | ४२,९८४,२०८.३८ |
| श्रावण २०२७ | ६,२५०,०००.०० | ३६,७३४,२०८.३८ |
| कार्त्तिक २०२७ | १२,०००,०००.०० | २४,७३४,२०८.३८ |
| माघ २०२७ | १२,०००,०००.०० | १२,७३४,२०८.३८ |

| | | |
|---|---|---|
| बैशाख २०२८ | १२,७३४,२०८.३८ | - |

दोस्रो अवधिको ऋणको भुक्तानी तालिका

| Due Date | Installment | Loan Outstanding |
|---|---|---|
| | | ३१,०५०,००० |
| श्रावण २०२२ | १,०००,००० | ३०,०५०,००० |
| कार्त्तिक २०२२ | १,२५०,००० | २८,८००,००० |
| माघ २०२२ | १,२५०,००० | २७,५५०,००० |
| बैशाख २०२३ | १,२५०,००० | २६,३००,००० |
| श्रावण २०२३ | १,२५०,००० | २५,०५०,००० |
| कार्त्तिक २०२३ | १,२५०,००० | २३,८००,००० |
| माघ २०२३ | १,२५०,००० | २२,५५०,००० |
| बैशाख २०२४ | १,२५०,००० | २१,३००,००० |
| श्रावण २०२४ | १,२५०,००० | २०,०५०,००० |
| कार्त्तिक २०२४ | १,५००,००० | १८,५५०,००० |
| माघ २०२४ | १,५००,००० | १७,०५०,००० |
| बैशाख २०२५ | १,५००,००० | १५,५५०,००० |
| श्रावण २०२५ | १,५००,००० | १४,०५०,००० |
| कार्त्तिक २०२५ | १,५००,००० | १२,५५०,००० |
| माघ २०२५ | १,५००,००० | ११,०५०,००० |
| बैशाख २०२६ | १,५००,००० | ९,५५०,००० |
| श्रावण २०२६ | १,५००,००० | ८,०५०,००० |
| कार्त्तिक २०२६ | ५,७५०,००० | २,३००,००० |
| माघ २०२६ | ५७५,००० | १,७२५,००० |
| बैशाख २०२७ | ५७५,००० | १,१५०,००० |
| श्रावण २०२७ | १,१५०,००० | - |

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा : सो नभएको ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण: सो नभएको ।

(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने : सो नभएको ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि निष्कासन कम्पनी तथा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन् :

१. निष्कासनकर्ता कम्पनीको तर्फबाट श्री रामजी खड्का
फोन नं.: ०१-४११३७१० तथा इमेल : info@kalinchowkdarshan.com.np

२.. निष्कासन तथा विक्री प्रबन्धकको तर्फबाट श्री निरज मानन्धर - फोन नं.: ०१-४४११६०४ तथा इमेल: neeraj.manandhar@nabilinvest.com.np

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्कासन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्कासन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२० ऋणपत्र निष्कासन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्कासन सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२२ अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :**

प्रक्षेपित वित्तीय विवरण ठिक छ भनि प्रशांक एण्ड एसोसिएट्स का चार्टर्ड एकाउण्टेण्ट श्री प्रशांक सापकोटा ले प्रमाणित गर्नु भएको हो । वास्तविक वित्तीय विवरणका आधारमा संगठित संस्थाले तयार गरेको प्रक्षेपित वित्तीय विवरण यथार्थपरक रहेको व्यहोरा प्रमाणित गरी आफ्नो राय व्यक्त गर्नुभएको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :** सो नभएको ।

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

नाम : श्री अशोक सिवाकोटी
ठेगाना : बालकोट, भक्तपुर
योग्यता : स्नातकोत्तर

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीको मिति २०७८ पौष २३ गते शुक्रवार बसेको सातौ वार्षिक साधारण सभाको विशेष प्रस्ताव नं.२, बमोजिम सर्वसाधारणको लागि शेयर निष्कासन गर्ने निर्णय भयो र विशेष प्रस्ताव नं.३, बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गरि संशोधित प्रबन्धपत्रको दफा ६ बमोजिम कम्पनीको जारी पूँजीको २० प्रतिशत शेयर आयोजना प्रभावित क्षेत्र का स्थानीय बासिन्दाहरु र सर्वसाधारणको लागि छुट्ट्याएको । जसमध्ये जारी पूँजीको २ प्रतिशत अर्थात रु. १,२०,००,०००/-(अक्षरेपी एक करोड बिस लाख रुपैया मात्र) रकम बराबरको रु. १००/ अंकित दरका १,२०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई र जारी पूँजीको १८ प्रतशित शेयर अर्थात रु.१०,८०,००,०००/- (अक्षरेपी दश करोड अस्सी लाख रुपैया मात्र) रकम बराबरको रु.१००/- अंकित दरका १०,८०,००० कित्ता शेयर सर्वसाधारणको लागि विक्री गर्न छुट्टयाएको छ । उक्त शेयर निष्काशन प्रयोजानार्थ नेपाल धितोपत्र बोर्ड समक्ष निवेदन पेश गर्ने लगायत यो सँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृयाको लागि मिति २०७८/१०/०९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार प्रमुख कार्यकारी अधिकृतलाई अख्तियार प्रदान गर्ने निर्णय भयो

**नोट:** नेपाल धितोपत्र बोर्डबाट मिति २०७९/०७/१७ गते देखि लागु हुने गरी स्वीकृत भएको धितोपत्र निष्काशन तथा बाँडफाँड (छैठौं संशोधन) निर्देशिका, २०७९ को दफा ४ (ख),(१) मा व्यवस्था भए बमोजिम सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि छुट्याइएको ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, पशुपति भिजन पिंगलास्थान, गौशाला, काठमाण्डौं ।
२. धितोपत्र निष्कासन तथा बिक्री प्रवन्धक श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौ ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्कासन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरण-पत्र मार्फत निष्कासन गरिने कुल १२,००,००० कित्ता साधारण शेयर मध्ये १,२०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र का बासिन्दाहरुका लागि, १,०८,००० कित्ता साधारण शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि, २१,६०० कित्ता कर्मचारीका लागि, ५४,००० कित्ता सामुहिक

लगानीकोषका लागि बाँडफाँड गरिएको तथा ८,९६,४०० कित्ता साधारण शेयर सर्वसाधरणका लागि निष्कासन गरिनेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि स्थानीयको हकमा दोलखा जिल्लामा कम्तीमा ४ स्थान तथा बढीमा आवश्यकता अनुसार संकलन केन्द्रको व्यवस्था गरी आवदेन फारम तथा विवरणपत्र वितरण र आवेदन फारम सहित दरखास्त रकम बुझिलिने ब्यबस्था गरिनेछ । सर्वसाधारणको हकमा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुका तथा तिनका तोकिएको शाखा कार्यालयहरुबाट आबेदन दिनसक्ने ब्यबस्था गरिएको छ साथै सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडद्वारा सञ्चालित मेरो शेयर (Mero Share) अनलाइन प्रणाली मार्फत पनि आवेदन गर्न सकिनेछ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यबस्था :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (चौथौ संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि.,कमलादी, काठमाण्डौंबाट इस्यूर रेटिङ्ग गराई मार्च २२,२०२२ (मिति २०७८/१२/०८) गते "CARE-NP BB+ (Is) [pronounced Double B plus (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ । "CARE-NP BB+ (Is) [pronounced Double B plus (Issuer)]" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा मध्यमस्तरको जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ । सो ग्रेडिङ्ग को बैद्यता अबधि एक बर्ष रहने छ । केयर रेटिङ्ग नेपाल लि. ले CARE-NP AAA (Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँदछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ । इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति :२०७८/१२/०८(तदनुसार मार्च २२,२०२२) रहेको छ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौं रहेको छ ।

**(ड) सकारात्मक पक्षहरु :**

१) कम्पनी तथा परियोजनाको व्यवस्थापनमा दक्ष एवं अनुभवी जनशक्ति रहेकोले यो कम्पनी अर्न्तगत रहेका परियोजनाहरु सफल हुने अपेक्षा गरिएको ।

२) यस पर्यटकीय क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकहरुको उल्लेख्य रुपमा आवातजावत हुने र यसबाट परियोजनाको भविष्य उज्ज्वल रहेको ।

३) नेपाल सरकार पर्यटन मन्त्रालय, पर्यटन विभागले मुलुकका १०० वटा प्रमुख गन्तव्य स्थानहरु मध्ये कालिञ्चोक भगवतीको मन्दिर क्षेत्रलाई पनि समावेश गरेको कारण पनि पर्यटकीय गन्तव्य स्थलको रुपमा परिचित रहेको ।

४) धार्मिक आस्थाको रुपमा प्रसिद्ध कालिन्चोक मन्दिरमा रहेको यस केवलकार परियोजनाले आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षित गरी एकचोटी पुग्नै पर्ने पर्यटकीय गन्तव्यको रुपमा स्थापित गरेको छ ।

५) स्थानीयस्तरमा विभिन्न रोजगारीमूलक सेवा दिनुको अतिरिक्त स्थानीयलाई स्वरोजगारको अवसर खुलेको ।

**ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको नामसारी, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीलाई एक साथ आवेदन खुल्ला गरिनेछ जस मध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढिमा ३० दिनसम्म हुनेछ भने वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन हुनेछ । वैदेशिक रोजगारीमा रहेका नेपालीलाई शेयर बाँडफाँड पश्चात् सर्वसाधारणको लागि शेयर निष्काशन खुल्ला गरिनेछ । सर्वसाधारणको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन र बढीमा १५ दिन खुल्ला रहनेछ ।

**(त) नियमन निकायको सुपरीवेक्षणबाट कुनै कैफियत औंल्याइएको भए सो को पछिल्लो अवस्थाको बारेमा उल्लेख गर्नुपर्ने :** सो नभएको ।

**ग.२३. (क) बैंकिङ्ग वित्तीय वा बीमा सम्बन्धी व्यवसाय गर्ने संगठित संस्था बाहेकका अन्य संगठित संस्था ले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ९ उप-नियम ३ बमोजिम धितोपत्रको सार्वजनिक निष्कासन गर्दा देहायका शर्तहरु पुरा गरेको हुनु पर्नेछ :**

| क.सं. | शर्तहरु | पालना भएको/नभएको |
|---|---|---|
| क | आफ्नो उद्देश्य अनुसार कारोवार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरेको । | मिति २०६३-०४-१७ मा दर्ता भइ मिति २०७१-१०-०६ गते प्रा.लि. बाट पब्लिकमा परिणत भई आवश्यक कार्यहरु गर्दै आएको । |
| ख | प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको । | २०७८ पौष २३ गते साधारण सभा गरेको । |
| ग | आफ्नो उद्देश्य अनुसार कारोवार संचालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति दिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको । | लिईसकेको । |
| घ | संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद गरी पावरहाउस, कर्मचारी आवासघर एवं कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य सम्पन्न भइसकेको । | कम्पनीले आयोजनाको लागि आवश्यक पर्ने जग्गा लिजमा लिइ,कर्मचारी आवासघर एवं कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक संरचनाहरुको निर्माण सम्पन्न भइसकेको छ । |
| ङ | कम्पनीको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्ट आदि खरिद गर्नुपर्ने भएमा टेण्डर आदि सम्पूर्ण प्रक्रिया पूरा भइसकेको । | कम्पनीको केबुलकार को लागि चाहिने यान्त्रिक उपकरण तथा त्यसका पार्ट खरिद भइसकेको । |
| च | धितोपत्रको सार्वजनिक निष्कासन सम्वन्धमा निष्काशन तथा विक्री प्रबन्धकसँग सम्झौता भई सकेको । | विक्री प्रवन्धक श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड सँग २०७८ माघ महिना १३ गते सम्झौता भएको । |
| छ | आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्कासन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको । | भएको । |
| ज | संस्थापकहरुले लिन कवुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेका । | संस्थापकहरुको आफूले लिन कवुल गरेको ४८,००,००० कित्ता शेयर कित्ताको प्रति शेयर रु.१००/- (का दरले रु. ४८,००,००,०००/- शतप्रतिशत चुक्ता भई सकेको छ । |
| झ | परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर (Financial Closure) भैसकेको । | आयोजनाको लागि श्री एस.बि.आइ बैक लिमिटेडको सँग मिति २०७४ श्रावण २३ गते फाइनान्सियल क्लोजर भएको छ । |
| ञ | आयोजनासँग सम्बन्धित अन्य पूर्वाधारहरु निर्माणको लागि टेण्डर आव्हान गरिसकेको । | गरिएको । |
| ट | सर्वसाधारणमा निष्कासन गर्न लागेको शेयरहरु धितोपत्र निष्कासन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको । | धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, मा तोकिए बमोजिम प्रत्याभूति गराएको । |

**ग.२३.(ख) यस विवरण-पत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | प्द | दस्तखत |
|---|---|---|---|
| १. | श्री बाल कृष्ण शिवाकोटी | अध्यक्ष | |
| २. | श्री मार्कण्डेय अधिकारी | संचालक | |
| ३. | श्री ऋषिकेश गौली | संचालक | |
| ४. | श्री रमेश राज शिवाकोटी | संचालक | |
| ५. | श्री डिल्ली प्रसाद शिवाकोटी | संचालक | |
| ६. | श्री गुरु प्रसाद अधिकारी | संचालक | |
| ७. | श्री थानेश्वर बस्याल | संचालक | |

ग.२४ निष्कासन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

NABIL INVEST

(A Subsidiary of Nabil Bank Ltd.)

Nabil Investment Banking Limited
3rd Floor, Central Plaza, Narayancha
Naxal, Kathmandu, Nepal
Tel : +977-1-4411604
+977-1-4411733
Fax : +977-1-4410554
E-mail : info@nabilinvest.com.np
Web : www.nabilinvest.com.np

मिति : २०७८/१२/१५

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।**

महाशय,

पशुपति भिजन पिंगलास्थान गौशाला, काठमाडौंमा रजिष्टर्ड कार्यालय रहेको कालिन्चोक दर्शन लिमिटेडले सार्वजनिक निष्काशन गर्न लागेको रु.१००/-अङ्कित दरका १२,००,००० (बाह्र लाख) कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रमा स्थायी बसोबास गर्ने नेपाली नागरिकहरु तथा सर्वसाधारणहरुलाई जारी गर्न निष्काशन तथा बिक्री प्रवन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । साधारण शेयरहरु निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कालिन्चोक दर्शन लिमिटेडको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोबार-सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।
४. कम्पनीले निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक :
नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेडको तर्फबाट :

नाम : मनिष नारायण जोशी
पद : प्रमुख कार्यकारी अधिकृत
सही :

कार्यालयको छाप :

ग.२५ विवरण-पत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :


# Prashank & Associates

Chartered Accountants

Firm Regd No. 975
Dhumbarahi-04, Kathmandu
Mobile No.: 9801116894


Kalinchowk Darshan Limited
Gaushala, Kathmandu

**Report on Examination of Prospective Financial Information**

We have examined the financial projections of Kalinchowk Darshan Limited for 4 years consisting FY 2078-79, FY 2079-80, FY 2080-81 and FY 2081-82 in accordance with the Nepal Standard on Assurance Engagements applicable to the examination of prospective financial information. The accompanying projections were prepared solely as per the requirement of Securities Registration and Issue Regulations,2073 of Nepal.

This projection has been prepared to be submitted to Securities Board of Nepal for approval of initial public offering planned by the financial institution. The management is responsible for the projection including the assumption set out in "Notes to Prospective Financial Statement" on which it is based. The projection has been prepared using FY 2077-78 as certified by statutory auditor as base data for projections and set of assumptions that include hypothetical assumptions about future events and management's actions.

The projection has been prepared using set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, users are cautioned that this projection may not be appropriate for purposes other than that prepared for intended use.

We have carried out examination of the prospective financial information on a test basis. Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection.

Further, in our opinion, the projection is properly prepared on the basis of assumptions as set out in the "Notes to Prospective Financial Statement" and a consistent basis with the historical financial statements using appropriate accounting principles. Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

Date: 2078/12/02

Place: Kathmandu

UDIN: 220316CA01601buJs5

For Prashank & Associates
Chartered Accountant

CA Prashank Sapkota
Proprietor


Email: caprashanksapkota@gmail.com